फोन नं.-०५५-५४०२००

# चन्द्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट

२ नं. प्रदेश,नेपाल ।

पत्र संख्या:-०७७-०७८
चलानी नं.:- ६५५

मितिः २०७७।०८।१७

बिषयः- सुरक्षित नागरिक आवास कार्यक्रमको फाराम भर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना ।

सघन शहरी तथा भवन निर्माण आयोजना वीरगंज, पर्साको च.नं.३८४/०७७/०७८ मिति २०७७/०८/१६ को पत्रानुसार सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७७/०७/२० गते बसेको बैठकको निर्णय अनुसार नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत सुरक्षित आवासको अधिकार सम्बन्धि ऐन, २०७५ बमोजिम उपयुक्त सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखामुनि रहेका, प्रकोपका कारण घरबार बिहिन भएका घरपरीवारहरुले सुरक्षित आवास निर्माण आफैले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका निर्माण सामग्री खरीदको लागि र गरीबीको रेखामुनी रहेका पराल वा खरका छाना भएका घरपरीवारहरुलाई जस्तापाताको छानामुनी ल्याउने गरी सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालनमा रहेको हुनाले **"सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५"** अनुसार यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र सम्बन्धित वडा कार्यालयको क्षेत्र भित्र बसोवास गर्ने उपरोक्त अनुसारका घरधनिहरुले वडा कार्यालयबाट निशुल्क रुपमा निबेदनको नमुना प्राप्त गरी आवश्यक विवरण भरी वडा कार्यालयमा बुझाउनु हुन सम्बन्धित सबैलाइ जानकारीको लागि अनुरोध छ । साथै म्याद नाघी प्राप्त भएका निवेदन उपर कुनै किसिमको कारवाही हुने छैन ।

छनौट हुने संख्या

| वडा नं. | छनौट संख्या |
|---|---|
| १ | २५ |
| २ | २५ |
| ३ | २५ |
| ४ | २५ |
| ५ | ३५ |
| ६ | ३० |
| ७ | २५ |
| ८ | ३० |
| ९ | ६० |
| १० | ५५ |
| जम्मा | ३३५ |

०७७-०८-१७

कृष्ण प्रसाद सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

श्री चन्द्रपुर नगरपालिका, मितिः २०७७/०८/.......

.........नं. वडा कार्यालय, ................................ ।

**विषयः सुरक्षित नागरीक आवास निर्माण सम्बन्धमा ।**

महोदय,

उपरोत्त सम्बन्धमा सुरक्षित नागरीक आवास कार्यक्रम अनर्तगत चन्द्रपुर नगरपालिकाको वडा कार्यालयबाट मिति .................. मा प्रकाशित सुचना बमोजिम सुरक्षित नागरीक आवास कार्यान्वयन कार्यविधि, २०७५ को परिच्छेद २ को दफा ३ र ४ को लक्षित बर्ग एवं लाभग्राहिको छनौटका आधारहरु (Criteria) भित्र आफु पनि पर्ने भएकोले मेरो पनि घरको स्थलगत निरीक्षण गरी मेरो घरपरीवारलाइ जस्तापाताको छानामुनी ल्याउने गरी बसोबासको ब्यवस्था मिलाइदिनुहुनको लागी तपसिलका कागजातहरु यसै निवेदन साथ संलग्न गरी यो निवेदन पेश गरेको छु । मैले पेश गरेको प्रमाणहरु सही छ, झुठा ठहरे कानुन बमोजिम सहुँला बुझौंला ।

**तपशिलः**

| क्र.सं. | संलग्न कागजातहरुको विवरण | कैफियत |
|---|---|---|
| १ | नागरीकता प्रमाणपत्रको प्रतिलिपी वा मतदाता परीचयपत्रको प्रमाणित प्रतिलिपी । | छ ☐ छैन ☐ |
| २ | लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल/खर/स्याउला/आसवेसटस आदि आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने सामाग्री बाट छाएको प्रमाणित प्रतिलिपी । | छ ☐ छैन ☐ |
| ३ | गरीबीको रेखामुनी रहका आफैंले सुरक्षित आवास निर्माण गर्न चाहेमा तथा निर्माण गरीरहेका घरपरिवार भएको प्रमाणित प्रतिलिपी । | छ ☐ छैन ☐ |
| ४ | जग्गाधनी प्रमाणपूर्जा वा घरजग्गाको तरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपी । | छ ☐ छैन ☐ |
| ५ | बिगत देखि त्यस स्थानमा स्थाइ बसोबास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपी । | छ ☐ छैन ☐ |
| ६ | प्रकोपका कारण घरवारविहिन भएको हकमा जिल्ला विपद व्यवस्थापन समितिको निर्णय सहित सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारीसको प्रमाणित प्रतिलिपि । | छ ☐ छैन ☐ |
| ७ | गरीवीको रेखामुनी रहेका लाभग्राहीको सम्बन्धमा सम्बन्धित स्थानिय तहको सिफारीसको प्रमाणित प्रतिलिपी । | छ ☐ छैन ☐ |
| ८ | विवरण खुल्ने अन्य कुनै प्रमाण भए सो को प्रमाणित प्रतिलिपि । | छ ☐ छैन ☐ |

**निवेदकको:**

सहिः ............................................

| निवेदकको औंठाछाप | |
|---|---|
| दाँया | बाँया |
| | |

नाम थरः .....................................

बुवा/पति/पत्नीको नामः .....................................

बाजे/ससुराको नामः ..........................................

जिल्लाः ..............................

गा.पा./न.पाः .......................

गाउ टोलः ..........................

सम्पर्क मोवाइल नं. .......................

नोटः एउटै चुल्होमा पकाएर खानाखाने तथा एउटै घरको छानामुनी बस्ने परीवारका सबै सदस्यहरुलाइ सगोलका परीवार मानिनेछ । खाना पकाउने अर्को चुल्हो भएको र छुट्टिएर घरमा बसेकाहरुलाइ सगोलको परीवार मानिदैंन । एउटा सगोलको परिवारको एउटा फर्ममात्र भर्न पाइनेछ । झुटो विवरण पेश गरेको पाइएमा सो कार्यक्रमबाट बंचित गरी कानुनी कारवाही गरीनेछ ।